# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्बारा प्रकाशित

खण्ड : ३ बैशाख २० गते २०७७ (संख्या ४)

**चामुण्डाविन्द्रासैनी नगरपालिकाको छैठो नगर सभाको मिति २०७७ वैशाख १९ गते स्वीकृत भएको देहाय बामोजिमको ऐन स्थानीय सरकार साचालन ऐन ,२०७४ बामोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## भाग-१

## चामुण्डा विन्द्रासैनी नगरपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७६

**प्रस्तावना :**

चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्र भित्र खानेपानी व्यवस्थालाई नियमिति, सुव्यवस्थित, गुणस्तरीय तथा सहज र सुलभरुपमा नागरिकको पहुँचमा पुर्‍याई नगरवासीहरुलाई भरपर्दो सेवा प्रदान गर्ने गराउने प्रभावकारी खानेपानी वितरणको व्यवस्था गर्न तथा नगरपालिकामा रहेका नदी र खोलाहरुवाट साना जलविधुत आयोजना सञ्चालन वाट विधुत उत्पादन गरी औधोगिक व्यवशायलाई व्यवस्थित गर्न बाञ्छनीय भएकाले,

चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६(१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ध) तथा दफा १०२(१) को अधिकार प्रयोग गरी यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१.संक्षिप्त नाम, प्रारम्भ तथा क्षेत्र :** (१) यस ऐनको नाम चामुण्डाविन्द्रासैनी नगरपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन नगरसभावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट प्रारम्भ हुनेछ ।

(३) यो ऐन चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) **"उपभोक्ता समिति"** भन्नाले दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ख) **"कार्यपालिका"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"खानेपानी मुहान"** भन्नाले खानेपानीको प्राकृतिक श्रोतलाई सम्झनु पर्दछ ।

घ) **"खानेपानी संरक्षित क्षेत्र"** भन्नाले खानेपानीका प्राकृतिक श्रोत,स्थल, खोलानाला, ढुङ्गेधारा, कुवा, इनार, पोखरी तथा अन्य जलाधार क्षेत्रलाई सम्झनु पर्दछ ।



ङ) **"खानेपानी सेवा"** भन्नाले प्राकृतिक पानीलाई प्रशोधन र सद्धिकरण सहितको व्यवस्थापन गरी उपभोक्तालाई उपलब्ध गराउने कार्यलाई सम्झनु पर्दछ ।

च) **"तोकिएको"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम निर्देशिका तथा कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्दछ ।

छ) **"नगरपालिका"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ ।

ज) **"न्यायिक समिति"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको न्यायिक समितिलाई सम्झनु पर्दछ ।

झ) **"प्रमुख"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

ञ) "उप प्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

ट) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ठ) **"प्राकृतिक पानी"** भन्नाले परापूर्वकालदेखि भुमिगत रुपमा प्राकृतिक श्रोतका रुपमा प्रयोग गरिएका ढुङ्गेधारा, कुवा, पोखरी, नदी, खोलानाला, ताल आदीलाई सम्झनु पर्दछ ।

ड) **"महसुल"** भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरेवापत उपभोक्तावाट लिन पाउने महसुल सम्झनु पर्दछ

ढ) **"वडा"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाका वडाहरुलाई सम्झनु पर्दछ ।

ण) **"सरसफाई सेवा"** भन्नाले नागरिकले पिउनको लागि प्रयोग गरिने पानीलाई त्यसमा कुनै पनि तरिकाले मिसिएको फोहोर पदार्थलाई नष्ट गरी प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

त) **"सेवा प्रदायक"** भन्नाले नगरपालिका वा नगरपालिका सँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्ति, संस्था वा उपभोक्ता समितिलाई समेत सम्झनु पर्दछ ।

थ) **"सेवा प्रणाली"** भन्नाले खानेपानी सेवा प्रदान गर्ने उद्धेश्यले निर्माण गरिएको वा जडान गरिएको पाईप, ट्यांकी तथा पानी शुद्धिकरण गर्ने प्लान्ट वा यन्त्र उपकरणहरुलाई सम्झनु पर्दछ ।

### परिच्छेद -२

### खानेपानी व्यवस्थापन, जिम्मेवारी काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**३. खानेपानी व्यवस्थापन तथा जिम्मेवारी :** (१) चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ सफा तथा प्रशोधन र शुद्धिकरण गरिएको पानी सरल र सहज ढङ्गले निरन्तर रुपमा उपभोग गर्न पाउने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरवासीहरुले खानेपानी उपभोग गर्नका लागि नगरपालिकाले नयाँ आयोजना सञ्चालन, पाईपलाईन निर्माण, पानी ट्यांकी निर्माण, शुद्धिकरण प्लान्ट, लिफि्टङ प्रणली तथा पुराना खानेपानी आयोजनाहरुको मर्मत सम्बन्धी सम्पूर्ण जिम्मेवारी दफा ६ बमोजिम गठित नगरस्तरीय उपभोक्ता समितिलाई सुम्पिन सक्नेछ ।

**४. नगरपालिकाको काम, कर्तव्य र अधिकार :** खानेपानी व्यवस्थापन सम्बन्धी नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

क) प्राकृतिक खानेपानीका मुहानहरुको संरक्षण गर्ने गराउने,

ख) खानेपानी सेवा, विस्तार तथा सुधारका लागि अल्पकालिन तथा दिर्घकालिन आयोजनाको

तयारी र सञ्चालन तथा पुराना आयोजनाहरु मर्मत सम्भार गर्ने, खानेपानीको श्रोत, वितरण र सरसफाई सम्बन्धमा अध्यायन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

ग) अनावश्यक रुपमा हुने खानेपानीको दुरुपयोग रोक्ने तथा रोक्न लगाउने,

घ) खानेपानी सेवा प्रणालीको लागि लगानीको निश्चितता गरी योजना तयार गर्ने र आवश्यक आर्थिक श्रोतको व्यवस्था गर्ने,

ङ) प्रचलित कानून बमोजिम सेवाको महसुल निर्धारण गर्न लगाउने,

च) प्रभावकारी र गुणस्तरीय सेवा प्रदानको आवश्यक व्यवस्था मिलाउने,

छ) उपभोक्ता समिति वा अन्य कुनै संघ सँस्थाबाट सेवा सञ्चालन हुँदै आएका खानेपानी वितरण सेवालाई सम्बन्धित पक्ष सँग सहमति गरी तोकिए बमोजिम नगरपालिकाको मातहतमा ल्याई प्रभावकारी सेवा सञ्चालन गर्ने गराउने,

ज) खानेपानी वितरण सेवा प्रणालीलाई अझै प्रभावकारी बनाउन संघ तथा प्रदेश सरकार सँग आवश्यक सम्पर्क तथा समन्वय गर्ने ।

## परिच्छेद - ३

## खानेपानीको स्वामित्व र मुहान उपयोग तथा समिति गठनसम्बन्धी व्यवस्था

**५.खानेपानीको स्वामित्व तथा उपयोग :** (१) नगरपालिका क्षेत्र भित्र रहेका खानेपानीका प्राकृतिक श्रोतहरुमा नगरपालिकाको पूर्ण स्वामित्व रहनेछ र यस ऐन बमोजिम कसैले पनि अनुमति प्राप्त नगरी खानेपानीको उपयोग गर्न पाउने छैन ।

(२) पानीको मुहान उपयोग गर्दा नगर क्षेत्रमा रहेका प्राकृतिक पानी मुहान वा श्रोतहरु व्यक्तिको निजि जग्गामा परेता पनि नगरपालिकाको स्वीकृती विना बेचविखन गर्न पाईने छैन र कसैको निजि स्वामित्वको जग्गामा रहेको पानीको मुहान परापूर्वकाल देखि छिमेकी वा टोल मुदायले प्रयोग गर्दै आईरहेकोमा कसैले निजि वामित्वको आधारमा त्यस्तो पानी कुनै टोल वा स्वामित्व भन्दा बाहिरका व्यक्तिहरु वा छिमेकीले पानी खान वा लैजान पाउदैन भनी रोक्न वा बाधा पुऱ्याउन वा बन्चित गर्न पाईने छैन ।

(३) माथि उपदफा (१) र (२)मा जुनसुकै कुरा लेखिएको भए पनि देहाय बमोजिम खानेपानीको उपयोग गर्न अनुमति प्राप्त गर्नु पर्ने छैन,

क) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको खानेपानी उपयोग गर्न,

ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न ।

**६.खानेपानी व्यवस्थापन समिति गठन हुने :** (१) नगरपालिका क्षेत्र भित्र नगरपालिकाले तोकिदिएको क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी उपलब्ध गराउन तथा उचित व्यवस्थापन गर्नका लागि देहाय बमोजिम एक चामुण्डाविन्द्रासैनी खानेपानी व्यवस्थापन समिति गठन गरिनेछ ।

क) खानेपानी व्यवस्थापन सम्बन्धी अनुभव प्राप्त व्यक्तिहरुमध्यवाट कार्यपालिकाको निर्णय बमोजिम नगर प्रमुखले नियुक्ति गरेको एक जना -अध्यक्ष

ख) नगरपालिकामा क्रियाशिल राजनैतिक दलहरुमध्यवाट तीन जना -सदस्य

ग) महिला, दलित तथा जनजातीमध्यवाट कम्तिमा तीन जना महिला सहित प्रमुखले नियुत्त गरेको चार जना -सदस्य

घ) अल्पसंख्यक तथा अपाङ्गमध्यवाट नगरप्रमुखले नियुक्ति गरेको एक जना -सदस्य

ङ) नगरपालिकाको सम्बन्धित विषयगत समिति संयोजक एक जना -सदस्य



च) नगरपालिकाभित्र खानेपानी सम्बन्धी काम गर्ने संघसँस्थाहरु मध्यवाट एक जना -सदस्य

(२) समितिको मुख्य कार्यालय चामुण्डा विन्द्रासैनी नगरपालिकामा रहनेछ ।

**७.समिति संगठित सँस्था हुने :** (१) दफा ६ बमोजिम गठित समिति अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित सँस्था हुनेछ ।

(२) समितिको आफ्नो एक छुट्टै छाप हुनेछ ।

(३) समितिले नगरपालिकाको सहमतिमा व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) समितिले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्नेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनको दफा ६ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) खानेपानी तथा ढल निकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने,

ख) खानेपानी श्रोत वितरण र ढल निकास सम्बन्धी अध्ययन अनुसन्धान, सर्वेक्षण तथा सो सम्बन्धी कामको लागि आवश्यक हुने निर्माण कार्य गर्ने,

ग) स्थानीय सरकारले तोकीदिएको खानेपानी सम्बन्धी विकास परियोजनाहरु सञ्चालन गर्ने ,

घ) महसुल तथा निर्धारण गरिएको शुल्क आदी लिई खानेपानी तथा ढल निकासको सुविधा उपलब्ध गराई सेवा प्रदान गर्ने,

ङ) खानेपानीको दुरुपयोग तथा प्रदुषण हुन नदिने

च) खानेपानी वितरण सेवा प्रणालीमा आएका समस्याहरुको समाधान गर्ने,

छ) समय समयमा सेवा प्रणालीहरुको रेखदेख तथा मर्मत सम्भार गर्ने,

ज) उपभोक्ताहरुवाट धारामा पानी नआएको सुचना प्राप्त भएमा यथासिघ्र सेवा मर्मत सेवा उपलब्ध गराउने,

झ) समितिले आफ्नो सञ्चालन खर्च आफैले उठाउने,

ञ) महसुल नबुझाउने वा तोकिएको समयमा नबुझाउने उपभोक्तालाई जरिवाना स्वरुप अतिरिक्त शुल्क निर्धारण गर्ने,

ट) नगरभित्र रहेका खानेपानी आयोजनाको पहिचान गरी अभिलेखिकरण गर्ने,

ठ) खानेपानी योजनाको विधान तयार गर्न सहयोग गर्ने,

ड) अन्य तोकिए बमोजिम कार्य गर्ने ।

**९. समितिको बैठक सम्बन्धी कार्यविधि :** यस ऐनको दफा ६ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ ,

क) समितिको बैठक आवश्यकतानुसार समितिको मुख्य कार्यालयमा कम्तिमा दुई महिनाको एक पटक बस्नुपर्नेछ तर विविध कारणले जुनसुकै अवस्थामा पनि अध्यक्षले तोकेको मिति र समयमा बस्न सक्नेछ

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ तर अध्यक्षको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ,

ग) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएकमा अध्यक्षको मत निर्णायक हुनेछ ,

घ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. समितिले गरेको वा गर्नुपर्ने काम करारमा दिन सकिने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समितिले यस ऐन बमोजिम सञ्चालन र व्यवस्थापन भईरहेको सेवा प्रणाली स्थानीय सरकारको पूर्व स्वीकृति लिई नाफा कमाउने उद्धेश्य नभएका कुनै सँस्था वा अन्य उपभोक्ता समितिलाई समितिको स्वामित्वमा रहेको सेवा प्रणाली वा सोसँग सम्बन्धित संरचना, उपकरण तथा अन्य सम्पति करारमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्ने सँस्था वा समितिले प्रयोग गर्न पाउने खानेपानी व्यवस्थापन समितिको स्वामित्वमा रहेको सेवा प्रणाली तथा सो सँग सम्बन्धित संरचना, उपकरण तथा अन्य सम्पति, करार कायम रहने अवधि, करार गर्ने पक्षहरुले करार बापत पाउने प्रतिफल र अन्य कुराहरु करारमा उल्लेख भए बमोजिम हुनेछ ।

**११. उपभोक्ता समिति गठन गर्न सकिने** : यस ऐन बमोजिम गठित खानेपानी व्यवस्थापन समितिले आफ्नो कारबाही सुचारु रुपले सञ्चालन गर्नको लागि सम्बन्धित खानेपानी आयोजनासँग सम्बद्ध उपभोक्ताहरुमध्यवाट अध्यक्ष र सदस्य छानी आवश्यकता अनुसार उपभोक्ता समितिहरु गठन गरी कार्य सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद - ४

## विशेषाधिकार सम्बन्धी व्यवस्था

**१२. कर्मचारी सम्बन्धी व्यवस्था** : (१) नगरपालिका क्षेत्र भित्र सबै नागरिकहरुलाई नियमित रुपमा खानेपानी सेवा वितरण गर्न तथा वितरण सेवा प्रणलीमा आएको कुनै खराबीलाई जानकारीको आधारमा यथासिघ्र मर्मत सम्भार गर्नको लागि खानेपानी व्यवस्थापन समितिको मातहतमा रहने गरी आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको नियुक्ति तथा व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नियूक्त कर्मचारीहरुको सेवा सुविधा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. लगानी गर्न सक्ने** : नगरपालिकाले खानेपानी व्यवस्थापनको लागि दफा १९ बमोजिम स्थापना भएको कोषमा रहेको रकम उपभोक्ताहरुको हितलाई ध्यानमा राखि नगरकार्यपालिकाको निर्णय बमोजिम विशेष अवस्थाको आधारमा लगानी गर्न सक्नेछ ।

**१४. घर जग्गामा प्रवेश गर्न सक्ने** : नगरपालिकाको कुनै सदस्य वा समितिको कुनै कर्मचारीले आफ्नो कर्तव्यको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नुपर्ने अवस्था आएमा सोको कारणसहितको जानकारी सम्बन्धित घर वा जग्गा धनीलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । तर त्यसरी प्रवेश गर्ने व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार प्रयोग गरिरहेको सम्बन्धित घर वा जग्गा धनीलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार प्रयोग गरिरहेको छ भन्ने शंका गर्नुपर्ने मनासिव आधार र कारण भएमा त्यस्तो घर वा जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्ने छैन ।

**१५. निजि वा सार्वजनिक घर जग्गामा पाईप विच्छयाउन सक्ने** : (१) नगरपालिका क्षेत्रभित्र खानेपानी तथा ढल निकास सम्बन्धी योजना कार्यान्वयन गर्दा सार्वजनिक वा निजि घर जग्गाबाट खानेपानी वा ढल निकासको पाईप लाई बिछ्याई एक ठाउँवाट आर्को ठाउँमा लैजान आवश्यक भएमा समितिले सोही योजना अनुसार पाइप लाईन विछ्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक वा निजि घर जग्गामा खानेपानी तथा ढल निकासको पाईप लाईनविछ्याउँदा सकेसम्म कम नोक्सानी पुग्ने गरी पाईप लाईन विछ्याउनु पर्नेछ र सार्वजनिक वा कसैको निजि घर जग्गामा सेवा प्रणाली विस्तार गर्दा पुग्न गएको

खण्ड : ३ बैशाख २० गते २०७७ (संख्या ४)

नोक्सानी वापत घर जग्गा धनीलाई प्रचलित भाउ अनुसार क्षेतिपुर्ति दिनु पर्नेछ ।

**१६. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने** : (१) यस ऐन वा प्रचलित कानून बमोजिम खानेपानी सेवा प्राप्त गरे बापत उपभोक्ताले सेवा प्रदायकले निर्धारण गरेको महसुल नबुझाएमा वा तोकिएको मयमा नबुझाएमा समिति वा सेवा प्रदायकले त्यस्तो उपभोक्ताले प्राप्त गर्दै आएको खानेपानी सेवा निलम्वन गर्न वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा निलम्वन वा अन्त्य भएको उपभोक्ताले सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल वा दस्तुर बुझाएमा निज उपभोक्तालाई पुनः सेवा उपलब्ध गराईनेछ ।

## परिच्छेद - ५

## साना जलविधुत आयोजना तथा बैकल्पिक उर्जा सम्बन्धी व्यवस्था

**१७. साना जलविधुत आयोजना सञ्चालन गर्न सक्ने** : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र उद्योग तथा विभिन्न कलकारखानाहरु स्थापना गर्न नगरपालिका भित्र पर्ने नदी तथा खोलाहरुवाट ५ किलोवाट देखि १ मेघावाट सम्मका साना जलविधुत आयोजना तथा बैकलिपिक उर्जा (सोलार तथा अन्य प्रविधि) सम्बन्धी आयोजनाहरु सञ्चालन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने साना जलविधुत आयोजना तथा बैकल्पिक उर्जा सम्बन्धी प्रविधिहरु नगरपालिकाले आफ्नै स्वामित्वमा वा निजि उद्योग वा समुदाय वा अन्य गैरसरकारी संघ संस्थाहरु सँग साझेदारी गरी सञ्चालन गर्न सक्नेछ ।

**१८.लगानी गर्न सक्ने** : (१) नगरपालिकाले साना जलविधुत आयोजना तथा बैकल्पिक उर्जा सञ्चालन गरी विधुत उत्पादन गर्न निजि, सामुदायिक तथा सँस्थागत क्षेत्रलाई अनुदान तथा साझेदारीको रुपमा आर्थिक लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले आर्थिक लगानी गर्दा ५ देखि १५ किलोवाट सम्मका साना जलविधुत आयोजनाहरु निजिक्षेत्रवाट सञ्चालन भइ साना उद्योग व्यवशायहरु सञ्चालनमा रही रहेको अवस्थामा त्यस्ता निजी व्यवशाहरुलाई प्रोत्साहन गर्न १० लाख देखि २५ लाख सम्म अनुदान स्वरुप प्रदान गर्न सक्नेछ ।

(३) नगरपालिकाले १५ किलोवाट देखि १ मेगावाट सम्मका साना जलविधुत आयोजनाहरुमा लगानी गर्दा समुदायको हकमा पचहत्तर प्रतिशत रकम नगरपालिकाले बेहोर्ने गरी तथा संघ संस्थाहरुको हकमा पचास प्रतिशत रकम नगरपालिकाले बेहोर्ने गरी त्यस्ता आयोजनाहरुमा आर्थिक लगानी गर्न सक्नेछ ।

## परिच्छेद - ६

## कोष तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था

**१९. समितिको कोष हुने** : (१) नगरपालिकामा खानेपानी सेवा वितरण प्रणालीलाई प्रभावकारी बनाई सम्पूर्ण नगरवासीहरुलाई समान ढङ्गले सहज र नियमित रुपमा खानेपानी तथा ढल निकास सम्बन्धी सेवा उपलब्ध गराउन खानेपानी व्यवस्थापन समितिको एक आर्थिक कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ,-

क) स्थानीय सरकारवाट प्राप्त भएको रकम,

ख) स्थानीय सरकार मार्फत कुनै स्वदेशी वा विदेशी संघ संस्थावाट प्राप्त भएको रकम,

ग) खानेपानी तथा ढल निकासको सेवा प्रदान गरेवापत उपभोक्ताले बुझाएको

महसुल, सेवा सुल्क तथा  जरिवानावाट प्राप्त भएको रकम,

घ) संघ तथा प्रदेश सरकारवाट प्राप्त भएको अनुदान रकम,

ङ) समितिलाई अन्य कुनै श्रोतवाट प्राप्त भएको रकम ।

(३) समितिको कोषमा जम्मा भएको सबै रकम नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त नजिकको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको तर्फवाट व्यहोरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषवाट व्यहोरिनेछ ।

**२०. लेखा परिक्षण गर्नुपर्ने** : (१) समितिले दफा १७ बमोजिम कोषको सम्पूर्ण आय-व्याय सम्बन्धी खर्च विवरणको प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र प्रचलित कानून बमोजिम लेखा परिक्षण गराउनु पर्ने छ ।

(२) कोषको लेखा परिक्षण नगरकार्यपालिकाले नियुक्त गरेको इजाजतप्राप्त लेखापरिक्षकवाट गराउनु पर्नेछ ।

(३) दफा १७ बमोजिम कोषको लेखा तथा सो सँग कागजात कार्यपालिकाले चाहेको अवस्थामा जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद - ७

## कसुर तथा सजाय र हदम्याद सम्बन्धी व्यवस्था

**२१. कसुर गरेको मानिने** : कसैले यस ऐन वा यस अन्तर्गत बनेका नियम कानून विपरित देहाय बमोजिमको कार्य गरेमा कसुर गरेको मानिनेछ ,

क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पुर्वाधार भत्काएमा वा विगारेमा वा अन्य कुनै प्रकारले क्षेति पुऱ्याएमा,

ख) खानेपानीलाई प्रदुषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकुल असर पुऱ्याएकोमा,

ग) सेवाको अनाधिकृत प्रयोग वा दुरुपयोग गरेमा,

घ) सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा ।

**२२. सजाय हुने** : कसैले पनि दफा १९ बमोजिम कसुर गर्नु गराउनु हुँदैन यदी कोही कसैले त्यस्तो कसुर गरे गराएको ठहरेमा नोक्सानीवाट पुगेको मनासिव क्षेतिपुर्ति भराई कसुरको प्रकृति हेरी सेवा सुविधा छ महिनाका लागि बन्द गर्ने तथा दश हजार रुपयाँ देखि पचास हजार रुपयाँ सम्म जरिवाना गर्न सकिनेछ ।

**२३. हदम्याद लाग्ने** :  कोही कसैले यस ऐन बमोजिम कसुर गरे गराएकोमा कसुर गरे गरेको मितिले पैतिस दिन भित्रमा नगरपालिकाको न्यायिक समितिमा उजुर दिनु पर्नेछ ।

## परिच्छेद - ७

## विविध

**२४. निर्देशन दिन सक्ने** : खानेपानी तथा ढल निकास सेवाको गुणस्तर कायम गर्ने, वातावरण सँरक्षण गर्ने तथा सरसफाईको सम्बन्धमा नगरपालिकाले खानेपानी व्यवस्थापन समिति वा सेवा प्रदायकलाई वा सम्वन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सबैको कर्तव्य हुनेछ ।


**२५. बार्षिक प्रतिवेदन पेश गर्नु पर्ने** : नगरपालिकामा खानेपानी व्यवस्थापन समितिले एक आर्थिक वर्षमा सम्पादन गरेका उपलब्धिमुलक कार्यका साथै कोषको आम्दानी र खर्च सम्वन्धि विवरण र आगामी आर्थिक वर्षको लागि कार्ययोजना तथा आवश्यक पर्ने अनुमानित बजेट र श्रोत सहित समावेश गरी प्रमुख प्रशासकिय अधिकृतले वार्षिक प्रतिवेदन तयार गरी नगरप्रमुख मार्फत नगरसभामा पेश गर्नुपर्ने छ ।

**२६. नियम बनाउने अधिकार** : यस ऐनको उद्धेश्य पुरा गर्न नगरकार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

खण्ड : ३  बैशाख २० गते २०७७ (संख्या ४)

**२७. स्वत वदर हुने** : यो ऐन वा यस ऐनमा उल्लेख गरिएका कुनै दफा उपदफाहरु संघ तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वत बदर भएको मानिनेछ ।

**२८. यसै ऐन बमोजिम भएको मानिने** : यो ऐन बन्नु भन्दा पहिल्यै नगरपालिकावाट खानेपानी तथा ढल निकास सम्बन्धी भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।



आज्ञाले

तिलक वि.क.

नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मिति** : २०७७/०१/